# विद्यालयमा अध्ययन गर्न गई विशेष सहयोग शिक्षा लिन प्रोत्साहित गर्न दिइने अनुदान सम्बन्धी सूचना

नागोया सहरद्वारा सञ्चालित प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विशेष सहयोग कक्षा आदि लिइरहेका अपाङ्गता भएका प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरूले परिवारको आय अनुसार अध्ययन सामग्री खर्च, विद्यालय खाना खर्च आदि भुक्तानी गरिने "विद्यालयमा अध्ययन गर्न गई विशेष सहयोग शिक्षा लिन प्रोत्साहित गर्न दिइने अनुदान" प्रणाली प्रयोग गर्न सक्नेछन्।

**यस अनुदानको दायरामा पर्ने व्यक्तिहरू** निम्न 1～3 मध्ये कुनै एकमा पर्ने व्यक्तिहरू

1 विशेष सहयोग कक्षाका प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरू

2 रिसोर्स रूमका प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरू (3 मा पर्ने व्यक्तिहरू बाहेक। यातायात खर्च (विद्यालय आवतजावत गर्नको लागि लाग्ने खर्च) मात्र भुक्तानी गरिनेछ।)

*जिल्लाद्वारा सञ्चालित विशेष सहयोग विद्यालयको रिसोर्स रूम पनि दायरामा पर्नेछ।

3 सामान्य कक्षा (यसमा रिसोर्स रूम पनि पर्छ।) का प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरू मध्ये **विद्यालय शिक्षा ऐन सरकारी अध्यादेश दफा 22 को 3 मा तोकिएको स्तरको अपाङ्गता**मा पर्ने व्यक्तिहरू (विस्तृत जानकारीको लागि पछाडिको पृष्ठमा हेर्नुहोस्।)

## अनुदानको दायरामा पर्ने खर्चहरू

(रकम विवरण 2023 साल, बार्षिक रहेको छ।)

| वर्गीकरण | प्राथमिक विद्यालय | निम्न माध्यमिक विद्यालय |
|---|---|---|
| ①विद्यालय खाना खर्च | लागत रकम×1/2 | लागत रकम×1/2 |
| ②यातायात खर्च (विद्यालय आवतजावत गर्नको लागि लाग्ने खर्च) | लागत रकम (नोट 1) | लागत रकम (नोट 1) |
| ③आदानप्रदान अध्ययन यातायात खर्च | लागत रकम (नोट 1) | लागत रकम (नोट 1) |
| ④शैक्षिक भ्रमण खर्च | लागत रकम×1/2 (अधिकतम 10,790 येन) | लागत रकम×1/2 (अधिकतम 28,860 येन) |
| ⑤आउटडोर गतिविधि खर्च (आवास खर्च सहितको गतिविधिहरू) | लागत रकम×1/2 (अधिकतम 2,570येन) | लागत रकम×1/2 (अधिकतम2,652 येन) |
| ⑥आउटडोर गतिविधि खर्च (आवास खर्च बाहेकको गतिविधिहरू) | लागत रकम×1/2 (अधिकतम 800 येन) | लागत रकम×1/2 (अधिकतम 1,155 येन) |
| ⑦अध्ययन सामग्री तथा विद्यालय आवतजावत गर्नको लागि आवश्यक सामग्री खरिद खर्च | 5,820 येन | 11,370 येन |
| ⑧प्राथमिक तथा नि. मा. वि. मा भर्ना गरिएका नयाँ विद्यार्थीहरूको अध्ययन सामग्री तथा विद्यालय आवतजावत गर्नको लागि आवश्यक सामग्री खरिद खर्च (प्रथम बर्षको बिद्यार्थी मात्र) | 25,555 येन | 30,490 येन |
| ⑨अनलाइन अध्ययनको लागि सञ्चार खर्च (प्रमाणीकरण तह Ⅰ मात्र) | लागत रकम×1/2 (नोट 3) (अधिकतम 7,000 येन) | लागत रकम×1/2 (नोट 2) (अधिकतम 7,000 येन) |

(नोट 1) ②③ मा प्रमाणीकरण तह Ⅲ भएमा, "लागत रकम×1/2" हुनेछ। आर्थिक रूपमा सबैभन्दा सामान्य मार्ग र माध्यमद्वारा, सैद्धान्तिक रूपमा सार्वजनिक यातायात प्रयोग गरी विद्यालय आवतजावत गर्ने अवस्थाको यातायात खर्च दायरामा पर्नेछ। अन्य परिस्थितिहरू भएको खण्डमा परामर्श लिनुहोस्।

(नोट 2) बच्चा अध्ययनरत विद्यालयमा ट्याब्लेट टर्मिनल आदि उपयोग गरी घरबाट क्लास लिन, सञ्चार खर्च संचार मेसिनको चलाउन सुरु गर्नको लागि लाग्नेखर्च मेसिन सापटीको खर्च बेहोर्ने परिवारहरू दायरामा पर्नेछन्। अरु अन्य खर्च गरिरहेको थाहा हुने कागजपत्र (सम्झौता कागज आदि ) पेस गर्नुपर्ने आवस्यकता पर्नेछ।

* ⑦विद्यालयका सामाग्रीहरु・विद्यालय आपूर्ति खरिद लागत、⑧नया भर्ना भएका बालबालिकाहरुका लागि आबस्यक विद्यालयका सामाग्रीहरु・ विद्यालय आपूर्ति खरिद लागतचाहिँ、2023 सालसम्म खरिद कार्यसम्पादनको आधारमा भुक्तानी गरिएको थियो तर 2024 सालदेखि भुक्तानि रकम निश्चित रकममा परिणत भएकोले ,अब रसिद पेस गर्न आबस्यक पर्दैन।

## प्रमाणीकरण तहको हिसाब मानक र अनुदान खर्चहरू

परिवारको आय रकम र जीवनयापनको लागि आवश्यक मानक सरकारी सहायताको अनुपातद्वारा प्रमाणीकरण तह निर्धारण गरी, उक्त प्रमाणीकरण तह अनुसार अनुदान दिने खर्च र रकम फरक हुनेछ। प्रमाणीकरण तह हरेक वर्ष निर्धारण गरिनेछ

| प्रमाणीकरण तह | हिसाब मानक | अनुदानको दायरामा पर्ने खर्चहरू |
|---|---|---|
| Ⅰ | आय रकम आवश्यक रकमको 1.5 गुणा कम | 1～9 |
| Ⅱ | आय रकम आवश्यक रकमको 1.5 गुणा वा सोभन्दा बढी 2.5 गुणा कम | 1～8 |
| Ⅲ | आय रकम आवश्यक रकमको 2.5 गुणा वा सोभन्दा बढी | 2, 3 |

**Ⅰ र Ⅱ तह जति (जीवनयापनको लागि आवश्यक मानक सरकारी सहायताको 2.5 गुणा कमको आय रकम )**

लगभग तलको आय रकम। एकै परिवार सङ्ख्या भए तापनि उमेर संरचना आदि अनुसार आय रकम फरक हुनेछ।

| परिवार सङ्ख्या | 2 जनाको परिवार | 3 जनाको परिवार | 4 जनाको परिवार | 5 जनाको परिवार | 6 जनाको परिवार |
|---|---|---|---|---|---|
| परिवारको आय रकम | 46 लाख 34 हजार येन | 60 लाख 44 हजार येन | 71 लाख 18 हजार येन | 84 लाख 32 हजार येन | 92 लाख 19 हजार येन |
| (तलब पाउने व्यक्तिहरूको वार्षिक आय) | (63 लाख 44 हजार येन) | (79 लाख 37 हजार येन) | (90 लाख 68 हजार येन) | (1 करोड 3 लाख 82 हजार येन) | (1 करोड 11 लाख 69 हजार येन) |

"विद्यालयमा अध्ययन गर्न गई विशेष सहयोग शिक्षा लिन प्रोत्साहित गर्न दिइने अनुदान" प्रणाली भन्दा फरक अर्थिक कठिनाइ भएका व्यक्तिहरूलाई विद्यालय खाना खर्च, अध्ययन सामग्री खर्च आदि सहयोग गरिने "विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग" प्रणाली पनि छ। विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगमा बढी सहयोग गरिने हुनाले, विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगको दायरामा पर्ने व्यक्तिहरूले विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगको लागि आवेदन दिनुहुन सिफारिस गर्दछौं। विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग प्रमाणीकरण गरिएको खण्डमा, ③आदानप्रदान अध्ययन यातायात खर्च बाहेक अन्य विषयका खर्चहरू विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगद्वारा भुक्तानी गरिनेछ सिद्धान्त ।

**सामान्य कक्षा (यसमा रिसोर्स रूम पनि पर्छ।) का प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरू मध्ये विद्यालय शिक्षा ऐन सरकारी अध्यादेश दफा 22 को 3 मा तोकिएको स्तरको अपाङ्गतामा पर्ने व्यक्ति (अगाडिको पृष्ठको दायरामा पर्ने व्यक्तिहरूको 3) निर्धारण मापदण्ड आदि**

| वर्गीकरण | अपाङ्गताको स्तर<br>(विद्यालय शिक्षा ऐन सरकारी अध्यादेश दफा 22 को 3 को नियम बमोजिमको मानक) | निर्धारण विधि | आवश्यक कागजात |
|---|---|---|---|
| दृष्टि सम्बन्धी अपाङ्गता | दुबै आँखामा थपिएको दृश्य शक्ति लगभग 0.3 भन्दा कम अथवा दृश्य शक्ति बाहेक अन्य गम्भीर भिजुअल डिसफङ्क्शन मध्ये म्याग्निफाइङ्ग ग्लास आदि प्रयोग गरे तापनि सामान्य अक्षर, आकार आदि दृश्य शक्तिद्वारा पहिचान गर्न नसक्ने वा अत्यन्तै कठिन* स्तर<br>*सामान्य अक्षर, आकार आदि दृश्य शक्तिद्वारा पहिचान गर्न अत्यन्तै समय लाग्नुका साथै सबै विषयहरू आदि पढाउँदा विशेष सहयोग वा समझदारी आवश्यक पर्ने र अपाङ्गताको सुधार र सामना गर्नको लागि व्यवस्थित र निरन्तर रूपमा विशेष मार्गदर्शन आवश्यक | शारीरिक अपाङ्गता परिचयपत्रको श्रेणी 2 वा सोभन्दा बढी अथवा शारीरिक अपाङ्गता परिचयपत्रको श्रेणी 3～6 मध्ये बायाँको मापदण्डमा पर्ने भनेर चिकित्सकद्वारा निदान गरेको हुनुपर्ने | ①शारीरिक अपाङ्गता परिचयपत्रको प्रतिलिपि<br>②चिकित्सकको प्रमाणपत्र (नागोया सहरले तोकेको ढाँचा अनुसार।)<br>(② मा 3～6 श्रेणीको मात्र शारीरिक अपाङ्गता परिचयपत्र आवश्यक) |
| सुनाइ सम्बन्धी अपाङ्गता | दुबै कानको सुनाइ शक्तिको स्तर लगभग 60 डेसिबल वा सोभन्दा बढी मध्ये हिएरिङ एड वा प्रत्यारोपित इलेक्ट्रोनिक उपकरण आदिको प्रयोग गरे तापनि सामान्य कुरा गर्दाखेरिको स्वर सुन्न नसक्ने अथवा अत्यन्तै कठिन स्तर | | |
| बौद्धिक अपाङ्गता | 1 बौद्धिक विकासमा ढिलाइ भई अरूलाई आफ्नो विचार भन्न र अरूले भनेको बुझ्न कठिन भएको कारण दैनिक जीवन बिताउनको लागि बारम्बार सहयोग आवश्यक स्तर<br>2 बौद्धिक विकासमा ढिलाइको स्तर 1 सम्म नपुगेको मध्ये सामाजिक जीवन अनुकुल हुन अत्यन्तै कठिन | बौद्धिक अपाङ्गता परिचयपत्रको उपचार र शिक्षा निर्धारण A मा पर्ने | बौद्धिक अपाङ्गता परिचयपत्रको प्रतिलिपि |
| शारीरिक अशक्तता भएको व्यक्ति | 1 शारीरिक अशक्तताको स्थिति सहायक उपकरण प्रयोग गरे तापनि हिँड्ने, लेख्ने जस्ता दैनिक जीवनका आधारभूत कार्यहरू* गर्न नसक्ने अथवा कठिन स्तर (*1)<br>2 शारीरिक अशक्तताको स्थिति 1 स्तरसम्म नपुगेको मध्ये, सधैँ चिकित्सा अवलोकन निर्देशनआबस्यक पर्ने स्तरसम्मको मानिस (*2)<br>* 1 दैनिक जीवनका आधारभूत कार्यहरू भनेको हिड्न (व्हीलचेयरद्वारा एक ठाउँबाट अर्को ठाउँमा जाने नपर्ने) लेखन सुरु ,खाना ,कपडा लगाउन ,दिसापिसाब आदि कार्यहरु जस्तै ,सिक्ने गतिविधिहरु जस्तै लेखाचित्र ,आदि गर्ने<br>* 2 सधैँ चिकित्सा अवलोकन निर्देशन भनेको विशेष समय भित्र लगातार चिकित्साको हेरचाहको आबस्यक, उठने बाट सुत्ने सम्म को आधारभुत कार्य एउटा एउटा कार्यको बारे मा सिकाउने तालिम लिने | शारीरिक अपाङ्गता परिचयपत्रको श्रेणी 2 वा सोभन्दा बढी अथवा शारीरिक अपाङ्गता परिचयपत्रको श्रेणी 3～6 मध्ये बायाँको मापदण्डमा पर्ने भनेर चिकित्सकद्वारा निदान गरेको हुनुपर्ने | ①शारीरिक अपाङ्गता परिचयपत्रको प्रतिलिपि<br>②चिकित्सकको प्रमाणपत्र (नागोया सहरले तोकेको ढाँचा अनुसार।)<br>(②मा 3～6 श्रेणीको मात्र शारीरिक अपाङ्गता परिचयपत्र आवश्यक) |
| बिरामी/ कमजोर व्यक्ति | 1 दीर्घकालीन श्वासप्रश्वास सम्बन्धी रोगहरू, मिर्गौला रोग तथा स्नायु रोग, घातक नियोप्लाज्म तथा अन्य रोगहरूको स्थितिको निरन्तर उपचार*1 अथवा दैनिक क्रियाकलाप सीमित*2 गर्नुपर्ने स्तर<br>2 शारीरिक कमजोरीको स्थितिको कारण निरन्तर दैनिक क्रियाकलाप सीमित*2 गर्नुपर्ने स्तर<br>*1 चिकित्सक केन्द्रित स्वास्थ्य परीक्षण र उपचार यसमा दैनिक रूपमा औषधि सेवन वा आफैले सुई लगाउने आदि पर्दैन।<br>*2 रोगको कारण व्यायाम (मुभमेन्ट) वा दैनिक जीवनका विभिन्न गतिविधिहरू (हिँड्ने, नुहाउने, पढ्ने, अध्ययन आदि) तथा खानेकुराको गुण वा परिमाण अत्यन्तै सीमित गरिने | बायाँको मापदण्डमा पर्ने भनेर चिकित्सकद्वारा निदान गरेको हुनुपर्ने | चिकित्सकको प्रमाणपत्र (नागोया सहरले तोकेको ढाँचा अनुसार।) |

*बहुसङ्ख्य अपाङ्गता भएको व्यक्तिलाई सबैभन्दा गम्भीर अपाङ्गता भनेर निर्णय गरिनेछ।

[प्रक्रियाहरू]

★विशेष सहयोग कक्षा र रिसोर्स रूमको प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरूलाई 6 महिनाको सुरुवात तिर आवेदनको जानकारी दिइनेछ।

★अन्य प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरूले अनुदान चाहने खण्डमा विद्यालयलाई सूचित गराउनुहोस्। साथै चिकित्सकको प्रमाणपत्र आवश्यक अवस्थामा विद्यालयबाट आवश्यक कागजात लिई, स्वास्थ्य संस्थामा लिएर जानुहोस् र चिकित्सकको प्रमाणपत्र बनाइदिन अनुरोध गर्नुहोस्।

**प्रणालीको विस्तृत विवरणको लागि अध्ययनरत विद्यालय अथवा नागोया सहर शिक्षा परिषद् शैक्षिक मामिला शाखा (TEL 972-3217) मा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।**

**नागोया सहर शिक्षा परिषद्** 2024.2